# धनुषा जिल्ला अदालतबाट जारी सूचना

मिति २०७८।०४।१०

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरसको संक्रमणदरमा केही सुधार भएको अवस्था, मुलुकभित्र लामो दुरीको सडक यातायात तथा हवाई यातायात समेत संचालन भईसकेकको अवस्था तथा अदालतहरुबाट सम्पादन हुने कामकारबाही तथा सेवा प्रवाहका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०३।३१ गतेको पूर्ण वैठकको निर्णय समेतको आधारमा यस अदालतबाट प्रवाह गरिने सेवाका सन्दर्भमा यस अदालतको मिति २०७८।०४।१० गतेको बैठकबाट देहाय बमोजिम गर्ने गरी निर्णय भएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. यस धनुषा जिल्ला अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा मिति २०७८।०१।२० गते तथा तत्पश्चात विभिन्न मितिमा बसेको यस अदालतको वैठकबाट आवश्यक निर्णयहरु भई सोही अनुरुप काम कारवाहीहरु व्यवस्थापन हुँदै आएकोमा मिति २०७८।०४।१५ गतेदेखि स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डहरुको पूर्ण रुपमा पालना हुने गरी यस अदालतबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरु पूर्णरुपमा सूचारु हुने ।

२. मिति २०७८।०१।२१ गतेदेखि मिति २०७८।०४।१४ गतेसम्मको अवधिको हदम्याद, म्याद, तारेख थमाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको वृहतपूर्ण इजलासको मिति २०७७।०२।१५ गतेको आदेशबमोजिमको सुविधा मिति २०७८।०४।१५ गतेदेखि लागु हुने हुँदा मिति २०७८।०१।२१ गतेदेखि मिति २०७८।०४।१४ गतेसम्मको अवधिमा यस अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरु मिति २०७८।०४।१५ गतेदेखि तीस दिनभित्र उपस्थित हुनुपर्ने ।

२०७८।०४।१०

श्रेस्तेदार

उप सचिव